रामपुर नगरपालिका

स्थानीय राजपत्र

खण्डः ६ संख्याः ३ मितिः २०७९/०९/२१

भाग -१

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम रामपुर नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

युवा स्वरोजगार कार्यक्रम कार्यविधि(चौथो संशोधन),२०७५

प्रमाणिकरण मिति : २०७५/१२/२५
पहिलो संशोधन मितिः-२०७६/०५/२८
दोस्रो संशोधन मितिः- २०७८/०६/१७
तेस्रो संशोधन मितिः- २०७९/०४/१८
चौथो संशोधन मितिः- २०७९/०९/२१

प्रस्तावनाः देशका कर्णधार साथै विकासका साझेदार, सकारात्मक विकास र परिवर्तनका सवाहक युवाहरुलाई सृजनशील, सिपयुक्त, उद्यम एवं रचनात्मक ढंगले काम गर्न सक्ने जिम्मेवारी नागरिकको रुपमा विकसित हुने अवसर सृजना गरिदिने स्थानीय तहको दायित्व हो । सन्तुलित एवं दिगो विकास कार्यक्रमलाई अगाडी बढाउन उत्पादनशील श्रम, सामाजिक, आर्थिक, सांस्कृतिक एवं सहभागिताको विकास गर्नका निमित्त बेरोजगार तथा अवसरको खोजीमा रहेका युवा वर्गलाई प्रत्यक्ष फाइदा पुग्ने गरि आयमुलक कार्य गरि आयआर्जन वृद्धि गर्न रोजगारी, स्वरोजगारी, उद्यमशीलता र सामाजिक विकासलाई प्रोत्साहित गर्दै जिवनयापनमा सहजता ल्याउन जोड दिने ध्ययले नगरपालिका लक्षित मार्फत युवा स्वरोजगार कोष खडा गरि युवा स्वरोजगार प्रवर्द्धन कार्यक्रमका लागि यो कार्यविधि तयार गरिएको छ ।

परिच्छेद -१
प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भ

१.यस कार्यविधिको नाम “रामपुर नगरपालिकाको युवा स्वरोजगार कार्यक्रम संचालन कार्यविधि, २०७५” रहनेछ ।

२. यस कार्यविधि नगरपालिकाको कार्यपालिका बैठकबाट पारित भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को नलागेमा यस कार्यविधिमा,

क) कार्यपालिका भन्नाले रामपुर नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ।

ख) कृषक समूह” भन्नाले करिब १५ देखि ३० जनाको कृषक सदस्य रहेको समूहलाई बुझ्नुपर्दछ।

ग) नगरपालिका भन्नाले रामपुर नगरपालिका, रामपुर पाल्पालाई जनाउनेछ ।

घ) © “युवा उद्यमी” भन्नाले २१ बर्ष पुरा भई ५९ वर्ष ननाघेका विदेशबाट फर्किएका वा नेपालमै बसेर स्वरोजगार बन्न चाहाने र कार्यविधिको व्यवसाय मापदण्ड भित्र पर्ने युवालाई बुझ्नुपर्नेछ।

ङ) "कार्यक्रम संचालन समिति" भन्नाले युवा स्वरोजगार कार्यक्रम संचालन समितिलाई सम्झनु पर्नेछ ।

च) “ब्याज अनुदान” भन्नाले रामपुर नगरपालिकामा व्यवसाय गर्ने वा गर्ने गरी प्रस्तावना पेश गरेका तथा छनौट भएका युवा उद्यमीलाई नगरपालिकाले उपलब्ध गराइने २ वर्ष सम्मको ब्याज अनुदानलाई जनाउनेछ।

छ)“विशेष अनुदान" भन्नाले ब्याज अनुदान नभई व्यवसाय संचालन वा स्थापनाको लागि नगरपालिकाले उपलब्ध गराउने प्रोत्साहन अनुदानलाई सम्झनुपर्दछ ।

©चौथो संशोधनद्वारा संशोधित

परिच्छेद २

ध्येय, मूल उद्देश्य र लक्ष्य

३. ध्येय, मूल उद्देश्य र लक्ष्य

क) ध्येय

नगरपालिकाका स्थायी नगरबासी सीपविहिन युवा वर्गलाई सीपयुक्त बनाई व्यवसायिक रुपमा कार्य गरी आयमुलक आर्थिक क्रियाकलाप प्रवर्द्धन गर्दै स्वरोजगारयुक्त र आत्मनिर्भर गराउने ।

ख) मूल उद्देश्यहरु

आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपले पछाडी परेको वा पारिएको तथा वञ्चितिकरणमा परेका कुनै पनि अवसर नपाएका आयआर्जन गर्न नसकेको अति न्यून आयस्तर भएका वा आय आर्जन गर्न कुनै उपाय नपाएका नभएका युवा (महिला/पुरुष) लाई कुनै न कुनै प्रकारको स्वरोजगारमुखी काम गरी व्यवसायिक रुपमा उद्यम व्यवसाय गर्न प्रोत्साहित गर्दै आय आर्जन वृद्धि गरि जिविकोपार्जनलाई सहज बनाउन सहयोग पुऱ्याउनु कार्यक्रमको मुख्य उद्देश्य रहेको छ । कार्यक्रमका विशेष उद्देश्यहरु देहाय बमोजिम रहेको छन् ।

१) उद्यमशीलता विकास गर्दै रोजगार, स्वरोजगारको अवसर सिर्जना गर्दै आयमुलक कार्य गर्न अवसर प्रदान गर्ने ।

२) प्रभावकारी उपलब्धी हासिल गर्न व्यवसायिक सीपयुक्त तालिम व्यवस्था गर्ने ।

३) व्यवसायिक कार्य गरी उत्पाकत्व बढाई आय क्षेत्र विस्तार गर्न अनुदान उपलब्ध गराउने ।

४) परम्परागत सीपमा आधारित उत्पादन, बजारीकरण प्रवर्द्धन गर्नका लागि आवश्यक सहयोग पुऱ्याउने ।

५) स्थानीय स्रोत साधन, कच्चा पदार्थमा आधारित उद्यम व्यवसाय गर्न प्रोत्साहित गरी पेशागत विकास गर्न आवश्यक कर्जा उपलब्ध गर्न सहजीकरण गर्ने ।

४. रणनीतिक उद्धेश्यहरु

क) युवाहरुमा प्रभावकारी उत्पादन मुलक व्यवसायिक कार्य गरी परिणाममुखी आयमुलक कार्य गरी प्रवर्द्धन गर्न विभिन्न तालिम प्रदायक संघ/संस्था र निकायसँग साझेदारी तथा समन्वय गरी सीपमुलक व्यवसायिक उद्यमशिल तालिम दिने।

ख) परम्परागत सीप भएका जातजाति, जनजातिका पेशा व्यवसाय प्रवर्द्धन गर्न व्यवसायिक बनाउन आवश्यक कर्जामा अनुदानको व्यवस्था गरी व्यवसाय प्रवर्द्धनमा टेवा पुऱ्याउने ।

ग) व्यवसायिक खेती, पशुपंक्षी पालन, कृषि तथा पशुपंक्षीजन्य उत्पादन, उद्यम, वन वनस्पतिजन्य उत्पादन, माछा, मौरीपालन, बेतबाँस उत्पादन, घर बास (Home Stay) सेवामुलक पेशा व्यवसाय प्रवर्द्धनका लागि तालिम, परामर्श तथा आवश्यक सहयोग पुऱ्याउने ।

घ) युवाहरुको उद्यम व्यवसायमा वृद्धि गर्ने सहयोग पुऱ्याउनका लागि स्थानीय सहकारी संस्था, वित्तीय संस्था, लघुवित्तीय संस्था, बैंकबाट प्रवाह हुने ऋण कर्जामा उपलब्धीको आंकलन गरी उत्पादनशील क्षेत्रमा लगाउन सुलभ ऋण कर्जा लगानी गर्न सहजीकरण गर्ने ।

ङ) सहकारी, गैर सरकारी, सामुदायिक विकास संघसंस्थासँग समन्वय गरी युवा लक्षित उत्पादनमुखी, बजारीकरणको लागि समन्वयात्मक कार्यहरु गर्ने ।

५.युवा स्वरोजगार कार्यक्रमको ब्याज प्रदान गर्ने विधिः यस कार्यक्रमबाट सीप, क्षमता, योग्यता भएका तर उद्यम, व्यापार, व्यवसाय जस्ता आयमुलक कार्य गरी आय आर्जन गर्न नसकेका विशेष गरी विपन्नतामा रहेका विभिन्न कारणले विकास क्रमबाट पछाडी परेका वा पारिएका २१ वर्ष देखि ५९ वर्ष सम्ममा युवा वर्गलाई स्थानीय बैंक, वित्तीय संस्था, सहकारी मार्फत ऋण कर्जा उपलब्ध गराउन मध्यस्थताको भूमिका निर्वाह गर्ने ।

क) युवाहरुलाई विभिन्न संघसंस्थाहरु मार्फत र नगरपालिकाको लगानी मार्फत उद्यमशिलता विकास गर्न व्यवसायिक तालिम प्रदान गर्ने ।

ख) ©सीप, क्षमता, दक्षताका आधारमा कुनै पनि पेशा व्यवसाय दिगो रुपमा (कम्तिमा ५ वर्ष) को लक्ष्य राखी विस्तृत योजना सहीत कार्य गर्ने प्रतिवद्धता गरी योजना सुरु गरेमा अल्पकालीन, मध्यकालीन र दिर्घकालीन योजनाका लागि रु १ लाख देखि २० लाख सम्मको योजनामा १०० सम्म कार्यक्रम मार्फत ब्याज उपलब्ध गराउने छ ।

ग) उक्त ब्याज अनुदान बैंक तथा वित्तीय संस्थासँग ऋण भुक्तानी गर्न सम्झौता गरे अनुसार हुनेछ वा अधिकतम २ वर्षसम्मको ब्याज अनुदान उपलब्ध गराउन सकिनेछ ।

घ) युवा उद्यम तथा उद्यमबाट उत्पादित वस्तुको बजारीकरणका लागि बजार व्यवस्था गर्न, हाटबजारको व्यवस्था, प्रचार प्रसारको लागि संचार माध्यम मार्फत प्रचार प्रसार गरिने ।

ङ) ©अधिकतम २० लाखसम्म ऋण कर्जा लिएको युवा व्यवसायीका लागि ब्याज प्रदान गर्न सकिने छ।

परिच्छेद ३
समिति गठन

६.युवा स्वरोजगार कार्यक्रम संचालन समितिः यस रामपुर नगरपालिकाको युवा स्वरोजगार कार्यक्रम सम्बन्धी कार्यविधि तथा नर्म्स निर्माण गर्न, कार्यक्रम संचालन प्रक्रिया अगाडि बढाउन, महत्वपूर्ण निर्णय गर्न, कार्यविधि अस्पष्ट भएमा व्याख्या गर्न वा कार्यपालिकामा प्रस्ताव पेश गर्न देहाय बमोजिमका व्यक्तिहरु सहीतको एक युवा स्वरोजगार कार्यक्रम संचालन समिति रहनेछ ।

संयोजक नगर प्रमुख
सदस्य प्रमुख प्रशासकीय अधिकृत
सदस्य आर्थिक विकास समितिको संयोजक १ जना

सदस्य नगरपालिकाले तोकेको कार्यपालिका सदस्य २ जना

सदस्य नगरपालिकाले तोकेको महिला सदस्य १ जना

सदस्य आर्थिक प्रशासन शाखा प्रमुख १ जना

सदस्य पशु सेवा शाखा प्रमुख वा तोकिएको १ जना

सदस्य कृषि प्राविधिक १ जना

सदस्य सचिव कृषि शाखा प्रमुख १ जना

७. युवा स्वरोजगार कार्यक्रम अनुगमन तथा मूल्यांकन

क) युवा स्वरोजगार कोष मार्फत ब्याज अनुदान प्राप्त गर्ने युवा स्वरोजगार लाभाग्राहीले पेश गरेको विवरण अनुसार कार्य गरे नगरेको, व्यवसायिक सदुपयोगीताको नियमित अनुगमन गरिनेछ र मूल्यांकन आधारमा योजनाको हद तोकिनेछ ।

ख) दफा ६ बमोजिम गठित समितिले कार्यक्रम अनुगमन तथा मूल्यांकन गर्ने। व्यवसाय संचालनको लागि सम्झौता अनुसारको कार्य गरेको वा नगरेको निरीक्षण गरी आवश्यक काम कारबाही गर्ने, ब्याज अनुदान कटौती गर्नेसम्म कार्य समितिले गर्न सक्नेछ।

ग) युवा स्वरोजगार कार्यक्रम संचालन समिति आवश्यकता अनुसार सरोकारवाला व्यक्ति, प्राविधिक, कर्मचारी र जनप्रतिनिधिहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

घ) युवा स्वरोजगार कार्यक्रम संचालन समितिको बैठक तथा अनुगमनमा उपस्थित हुने पदाधिकारीहरुले नगरपालिकाको नियमानुसार भत्ता पाउनेछन् ।

परिच्छेद ४

कार्यक्रम, तालिम र कर्जा

८. युवा व्यवसाय कार्यक्रमहरुः सबै युवा वर्ग जो कुनै पनि अवसर प्राप्त गर्न नसकी आयमुलक कार्य गर्न वञ्चित रहेको, आर्थिक रुपमा विपन्नतामा रहेका, क्षमता र प्रतिभाको विकास गर्न नपाएका युवाहरुका लागि नगरपालिकाको युवा स्वरोजगार कार्यक्रम अन्तर्गत निम्न अनुसार कार्यक्रमहरु रहेछन् ।

क) व्यवसायको मापदण्डः नमुना व्यवसाय संचालन गर्न इच्छुक युवाले व्यवसाय संचालन गर्न व्यवसायिक योजना प्रस्ताव गर्नु पर्नेछ। प्रस्ताव उपयुक्त र आयमुलक स्वरोजगार मुलक वा रोजगार दिन सक्ने भएमा प्रस्ताव गरी आवश्यक सीप विकास तथा व्यवसायिक क्षमता विकास तालिम उपलब्ध गराईनेछ । संचालन गर्न सक्ने देहायका व्यवसायहरुमा आवश्यक तालिम, परामर्श दिई व्यवसायिक दक्षता वृद्धि गर्न सकिनेछ।

१) सामुहिक रुपमा (कम्तिमा ५ जना) व्यवसाय गर्ने प्रस्तावनालाई प्राथमिकता दिइनेछ ।

२) नयाँ व्यवसाय वा यही आ.व. २०७५/७६ देखि नै सुरु गर्दै गरेको व्यवसायलाई प्राथमिकता दिईनेछ।

३) कुनै व्यक्तिगत फर्म वा समूहले गर्दै आएको व्यवसायमा पूर्ण मापदण्डमा थप वा नयाँ व्यवसाय संचालन गर्नेले मात्र आवेदन दिन पाउनेछन् ।

४) तरकारी खेती, फलफुल खेती वा नर्सरी स्थापना वा नविन कृषि प्रविधिको हकमा व्यक्तिगत कम्तिमा २ रोपनी जग्गामा एकै खेती वा सामूहिक रुपमा कम्तिमा १० रोपनीमा खेती गर्नु पर्नेछ ।

५) कुखुरापालनको हकमा व्यक्तिगत कम्तिमा ५०० कुखुरा र सामुहिक कम्तिमा ३००० कुखुरा (लेयर्स-२०००) पाल्ने योजना सहीत कुखुरा अट्ने भौतिक संरचना भएको वा सोही संरचना बन्ने जग्गा हुनुपर्नेछ ।

६) माछा पोखरीको हकमा व्यक्तिगत २ रोपनी र सामुहिक १० रोपनीमा हालसालै निर्माण भएको वा निर्माण गर्न सक्ने जग्गा हुनु पर्नेछ।

७) बाख्रापालनको हकमा व्यक्तिगत १० माउ र सामुहिक १०० वटा बाख्रनपालन गर्न पर्नेछ।

८) मौरीपालनको हकमा व्यक्तिगत २० घार र सामुहिक १०० घार हुनु पर्नेछ ।

९) च्याउ खेतीको हकमा व्यक्तिगत ३ डुमहाउस र सामुहिक १० डुमहाउस हुनु पर्नेछ ।

१०)बंगुर पालनको हकमा व्यक्तिगत ५ माउ र सामुहिक २५ माउ हुनु पर्नेछ।

११) गाई भैंसीको हकमा व्यक्तिगत ५ माउ र सामुहिक २० माउ हुनु पर्नेछ ।

१२) माथि उल्लिखित संख्या र क्षेत्रफलको आधारमा संरचना बनेको वा बनाउने प्रस्तावना हुनुपर्नेछ ।

१३) नयाँ व्यवसाय सुरु गर्न चाहानेले सूचनाको अन्तिम म्याद भन्दा ५ दिन पछि सम्ममा व्यवसाय दर्ता प्रमाण पत्र बनाई पेश गर्नुपर्नेछ ।

१४) अन्य व्यवसाय र नविन व्यवसाय जस्तै पुष्प व्यवसाय, फलफुल नर्सरी, नयाँ फलफुल जातको खेती, साना तथा घरेलु उद्योग स्थापना आदि वा समितिले तोकेको अन्य व्यवसाय।

१५) स्वरोजगारमुलक व्यवसाय कार्यक्रममा सहभागी हुन पाउने व्यक्ति २१ बर्ष पुरा भई ५९ बर्ष सम्मका वैदेशिक रोजगारबाट फर्की घरमै बस्ने निधो गरेको तथा आय आर्जनका संलग्न भएका नेपाली नागरिकहरु यस कार्यक्रममा सहभागी हुन सक्ने छन् ।उद्यमीले निवेदन पेश गर्दा अनुसूची १ अनुसारको ढाँचामा प्रस्तावना सहित यस कार्यालयमा निवेदन पेश गर्नुपर्ने छ ।

१६) © कर्जा स्वीकृत गर्ने मापदण्डको तालिका

क्र.सं.	व्यवसायको किसिम	मापदण्ड	कर्जा रकम रु	कै.
१	तरकारी खेती र फलफुल खेती	न्युनतम २-५ रोपनी	५ लाख	
		१० रोपनी	१० लाख	
		३० रोपनी	२० लाख	

		५० रोपनी	३० लाख	
२	संचरना भित्र तरकारी खेती र तरकारी वा फलफुल वा पुष्प नर्सरी	न्युनतम १ रोपनी	५ लाख	
		५ रोपनी	२० लाख	
		१० रोपनी	३० लाख	
३	कुखुरा पालन(बोइलर)	न्युनतम ५०० वटा कुखुरा	३ लाख	
		८०० वटा कुखुरा	५ लाख	
		१६०० वटा कुखुरा	१० लाख	
		३२०० वटा कुखुरा	२० लाख	
		५००० वटा कुखुरा	३० लाख	
४	कुखुरा पालन(लोकल, लेयर्स, हाँस लगायत अन्य पंक्षी पालन)	न्युनतम ५०० वटा पंक्षी	६ लाख	
		१५०० वटा पंक्षी	१५ लाख	
		३००० वटा कुखुरा	३० लाख	
५	माछापालन	न्युनतम २ रोपनी	५ लाख	
		५ रोपनी	१० लाख	
		१० रोपनी	२० लाख	
		१५ रोपनी	३० लाख	
६	बाख्रापालन	न्युनतम १० माउ	५ लाख	
		२० माउ	१०लाख	
		४० माउ	२० लाख	
		६० माउ	३० लाख	
७	मौरीपालन	न्युनतम २० घार	३ लाख	
		४० घार	६ लाख	
		८० घार	१२ लाख	
		२०० घार	३० लाख	
८	च्याउ खेती (डुम साइज न्यूनतम ७ मि*५ मि)	न्यूनतम ३ डुम हाउस	५ लाख	
		६ डुम हाउस	१० लाख	
		१२ डुम हाउस	२० लाख	
		१८ डुम हाउस	३० लाख	

९	बंगुर पालन	न्युनतम ५ माउ वा २० बच्चा	६ लाख	
		१० माउ	१२ लाख	
		२० माउ	२४ लाख	
		२५ माउ	३० लाख	
१०	गाई/भैसीपालन	न्युनतम ५ माउ	१० लाख	
		१० माउ	२० लाख	
		२० माउ	३० लाख	
११	अन्य व्यवसाय/नविन व्यवसाय	समितिको निर्णयानुसार	समितिको निर्णयानुसार	

१७.©२ वर्ष सम्म युवा स्वरोजगार कार्यक्रम मार्फत ब्याज अनुदान प्राप्त गरी सकेका युवा उद्यमीहरुले पुन कार्यक्रममा सहभागी भई ब्याज अनुदानको लागि प्रस्ताव पेश गरेमा समितिले पूर्व संचालित व्यवसायमा थप न्युनतम मापदण्ड पुरा गरी मापदण्ड अनुसारको कर्जा रकममा ब्याज अनुदान दिन बाधा पुग्ने छैन ।

ख) तालिम सम्बन्धी व्यवस्थाः कुनै निकाय तथा संघ संस्थाबाट कम्तिमा १०० घण्टा सीपमुलक तालिम लिएको वा वैदेशिक रोजगारमा रहँदा वा देश भित्रै काम गर्दा सीप आर्जन गरेका क्षेत्रको अनुभवका प्रमाण पत्रलाई प्राथमिकता दिइनेछ। कुनै तालिम वा सीप आर्जन नगरेको युवाका लागि उपयुक्त हेरी उचित तालिम वा सीप आर्जनको अवसर उपलब्ध गराइनेछ। तर परम्परागत सीप भएका व्यक्तिले गर्ने व्यवसायको लागि भने तालिमको प्रमाण-पत्र आवश्यक पर्ने छैन ।

ग) ऋण कर्जा लिने प्रावधान र धितो सम्बन्धी प्रावधानः

१) कुनै पनि व्यवसाय गर्न चाहने युवाले आफुले गर्न चाहेको व्यवसायको प्रस्ताव र कार्ययोजना तोकिएको ढाँचामा पेश गर्नु पर्नेछ।

२) उक्त प्रस्तावको आधारमा व्यवसायिक कार्य गर्न तत्पर, ईच्छुक हुनु पर्दछ।

३) ईच्छा शक्ति भएको, प्रयास सम्भाव्यता भएको, पेशा व्यवसायको व्यवसायी सम्बन्धित बैंक, वित्तीय संस्था, सहकारी संघ संस्थामा उक्त संस्थाका प्रावधान पुरा गरी ऋण कर्जा प्राप्तिका लागि सिफारिस गर्न सकिनेछ।

४) बैंक तथा वित्तीय संस्था र सहकारी संस्थाको नियमानुसार राखिने धितो सुरक्षणका प्रावधानहरु व्यक्ति स्वयं पुरा गर्नु पर्नेछ। वित्तीय व्यवस्थापन तथा कोष व्यवस्था नगरपालिकाको युवा स्वरोजगार कार्यक्रमका लागि यस क्षेत्रमा उपयोगी हुने गरी युवा स्वरोजगार कोषको व्यवस्थापन गरिनेछ। उक्त कोष नगरपालिकाको कार्यपालिकाको निर्णय अनुसार हुनेछ। यस कोषबाट लक्षित युवा वर्गको व्यवसाय संचालन, स्वरोजगार तथा दिगो रुपमा आयमुलक क्षेत्रमा काम गर्ने युवाको व्यवसायिकता प्रवर्द्धन गर्न युवालाई व्यवसायिक सीपमुलक तालिम उपलब्ध गराउन एवं उपयुक्तको आधारमा सोही बमोजिम तोकिएका क्षेत्रमा उपलब्ध र परिणाम आउने क्षेत्रमा र उक्त प्रकारका कार्यक्रम संचालन गर्न उपयोग गरिनेछ ।

५) ब्याज अनुदान आर्थिक अनुदान सीमा र तालिम तथा सीप आर्जन अनुदान युवा स्वरोजगार कार्यक्रम अन्तर्गत सहभागी हुने वा लाभान्वित हुने युवाको व्यवसाय संचालन पूँजी जतिसुकै भए पनि यस कोषबाट देहाय अनुसारका ब्याज अनुदान र व्यवसाय अनुदान उपलब्ध गराउन सकिनेछ। स्थानीय स्रोत साधन, कच्चा पदार्थ र सीपमुलक व्यवसायिक परियोजना कुनै ऋण कर्जा नलिई संचालन गरेमा उक्त प्रकारका परियोजना तथा व्यवसायिक उद्यमशीलताका लागि व्यवसाय प्रवर्द्धन गर्न देहाय अनुसार अनुदान उपलब्ध गराउने छ।

© तेस्रो संशोधनद्वारा थप

६) यस भन्दा अगाडी निर्दिष्ट गरिएका क्षेत्रमा युवा उद्यमीले कुनै बैंक तथा वित्तीय संस्थाबाट वा व्यक्तिसँग ऋण र कर्जा लिन नसकेमा वा आफै स्वयंले व्यवसायिक काम गरी आयमुलक कार्य गरेका वा व्यवसाय गर्न चाहाने युवालाई विशेष अनुदानका लागि कार्यपालिकाको निर्णयानुसार छनौट गर्न सकिनेछ।

७) युवा उद्यमीले कुनै व्यवसाय गर्न चाहेमा कृषि शाखा मार्फत माथि तोकिएको नगद वा कृषि सामग्री, मल तथा बीउ बिजन, बिरुवा वा अन्य कृषि औजार समेत उपलब्ध गराउन सकिनेछ ।

घ) तालिम तथा सीप आर्जन सम्बन्धित व्यवस्थाः कुनै पनि बेरोजगार युवाले सीपमुलक तालिम लिई व्यवसायिक कार्य गर्न स्वयं उत्प्रेरित भई प्रस्ताव गरेमा निम्न अनुसार तालिमका लागि अनुदान उपलब्ध गराउन सकिनेछ ।

१. १० जना भन्दा बढी युवाहरु संलग्न भई एकै प्रकृतिका सीपमुलक तालिम लिई व्यवसाय संचालन गर्न चाहेमा आवश्यकता अनुसारको व्यवस्था गरिनेछ ।

२. दीर्घकालीन व्यवसायका लागि व्यवसाय र मागका आधारमा १ हप्ता देखि ३ महिनासम्म वा सो भन्दा लामो अवधिको आर्जनयुक्त व्यवसायिक सीपमूलक तालिम प्रदान गर्न सकिनेछ ।

३. नगरपालिकाबाट अनुदान उपलब्ध गराउनका लागि सिफारिस गरिएका वा उद्यमी ब्याज अनुदानका लागि छनौट हुने युवा व्यवसायीको लागि एक वा दुई दिन सम्मको अभिमुखीकरण र अनुशिक्षण तालिम प्रदान गरिनेछ ।

परिच्छेद ५
भुक्तानी प्रक्रिया

९.युवा स्वरोजगार तथा रोजगारीमूलक आय आर्जन व्यवसायका लागि छनौट र सिफारिस प्रक्रियाः

नगरपालिका भित्र बसोबास गर्ने २१-५९ वर्ष सम्मका कुनै पनि प्रकारको आयमुलक कार्य गर्न अवसर नपाएको, स्थानीय निकाय वा स्रोतबाट विभेद, बेरोजगार भई कुनै पनि नियमित तलब भत्ता वा मासिक रुपमा तलब नपाउने गरी खाली अवस्थामा रहेका, बार्षिक रुपमा रु ६०,०००/- भन्दा कम आम्दानी भएको युवा समूह यस कार्यक्रमका लागि प्राथमिकतामा पर्नेछ ।

क) कर्जा तथा ब्याज अनुदान भुक्तानी प्रक्रियाः

१. ऋणको लागि प्रस्तावना पेश गर्ने व्यक्ति वा समूहले यसै रामपुर नगरपालिका भित्र सेवा प्रवाह गरिरहेका बैंक मार्फत बढीमा ३० लाख कर्जा लिनसक्ने छन्।

२. युवा स्वरोजगार संचालन समितिले प्राप्त प्रस्तावहरुबाट दफा ८ (क) व्यवसायको मापदण्ड अनुसार प्रस्तावना अध्ययन गरी छनौट तथा ब्याज अनुदान दिन सकिने रकम स्वीकृत गर्नेछ ।

३. समितिले ब्याज अनुदानको लागि धेरै प्रस्तावहरु पेश भएको खण्डमा व्यवसाय गर्ने स्थलको अनुगमन निरीक्षण गरी ब्याज अनुदानको लागि छनौट गर्न सक्नेछ ।

४. छनौट तथा रकम स्वीकृत भएको नामावलीको आधारमा रही ऋण लिन चाहाने प्रस्तावकहरुले आफुलाई पायक पर्ने रामपुर स्थित बैंकहरुसँग धितो मूल्यांकन गराउन सक्नेछन् र सोही विवरण नगरपालिका कार्यालयमा पेश गर्नेछन् ।

५. सोही आधारमा रही रामपुर नगरपालिकाले छनौट भएका प्रस्तावकहरुसँग सम्झौता गर्नेछ। प्रस्तावकले ऋण लिएको रकमको किस्ता र ब्याज बैंक वा वित्तीय संस्थाको नियम अनुसार सोही बैंक वा वित्तीय संस्थामा बुझाउनु पर्नेछ र सोही ब्याज रकम हरेक ३-३ महिनामा यस रामपुर नगरपालिका कार्यालयसँग अनुसूची २ बमोजिमको ढाँचामा निवेदन पेश गरी भुक्तानी माग्न सक्नेछन् ।

६. प्रस्तावकले गरेको सम्झौताका आधारमा तोकिएको रकमको ब्याज अनुदान नगरपालिका कार्यालयले प्रदान गर्नेछ।तर सम्बन्धित वित्तीय संस्थालाई ब्याज बुझाएको प्रमाणको आधारमा प्रस्तावकले नगरपालिका कार्यालयसँग शोधभर्ना भुक्तानी माग्न पाउनेछ ।ब्याजदर नेपाल राष्ट्र बैंकको नीति नियम अनुसार हुनेछ।

७. युवा उद्यमीले सहकारीहरु वा अन्य वित्तिय संस्था मार्फत पनि ऋण लिन सक्नेछन् तर ब्याज अनुदान भने नेपाल राष्ट्र बैंकको ब्याजदर अनुसार हुनेछ ।साथै कर्जा प्रवाह गर्ने सहकारी भने युवा स्वरोजगार कार्यक्रम हेर्ने शाखामा सूचिकृत हुनुपर्नेछ।

८. छनौट भएका उद्यमीले नियमित रुपमा बैंकलाई ब्याज नतिरेमा बैंकको नियम अनुसार लाग्ने हर्जना उद्यमी स्वयंले तिर्नु पर्नेछ।

९. स्थानीय निकाय वा अन्य सरकारी निकायबाट सोही कार्यको लागि अनुदान पाइएमा नगरपालिका कार्यालयले ब्याज अनुदान दिने छैन। नेपाल राष्ट्र बैंकले अनुदान दिएमा सोही बराबरको ब्याज अनुदान नगरपालिकाबाट कट्टा गरिनेछ।

१०. कृषकहरुले पहिला नै कृषि कर्जा लिई व्यवसाय संचालन गरेको भएमा यस नगरपालिकाको युवा स्वरोजगार समितिले छनौट गरेको र तोकेको ब्याज अनुदान दिन सकिने रकम नै पहिला लिएको कर्जा रकमलाई मान्यता दिन सकिने छ तर कृषकले प्रस्तावना अनुसार व्यवसायमा थप गरी कृषि व्यवसाय संचालन गर्नु पर्नेछ ।

११. कर्जाको किस्ता बैंकको नियमानुसार २० बर्ष सम्ममा फिर्ता गर्ने गरी छनौट भएका युवा उद्यमीहरुले ऋण लिन सक्नेछन्। युवा उद्यमीले कर्जाको किस्ता तथा ब्याज बैंकको नियमानुसार स्वयं तिर्नुपर्नेछ ।

१२. रामपुर स्थित बैंकहरुले युवा उद्यमीको धितो मूल्यांकन गरी रामपुर नगर कार्यपालिकाको कार्यालयमा पेश गरी सकेपछि नगरकार्यपालिकाको कार्यालय र युवा उद्यमी बीच सम्झौता हुनेछ।

१३. स्वीकृत उद्यमी र रामपुर नगरपालिका बीच अनुसूची ४ बमोजिमको सम्झौता भए पश्चातको २ बर्ष सम्मको ब्याज अनुदान नगरपालिकाले युवा उद्यमीलाई उपलब्ध गराइनेछ। साथै युवा उद्यमीले अनुसूची ३ बमोजिमको फाराम भरी सोही अनुसारको कार्य गर्नुपर्नेछ ।

१४. बैंक वा वित्तिय संस्थामा धितो पेश गर्न नसक्ने वा स्वयं लगानी गरी व्यवसाय संचालन गर्ने युवा उद्यमीलाई विशेष अनुदान उपलब्ध गराउन सकिनेछ। यस प्रकारको अनुदान नगर प्रमुखले तोकादेश वा समितिको स्वीकृती वा कार्यपालिकाले निर्णय बमोजिमको रकमलाई आधार मानी कार्यालयले युवा उद्यमीसँग सम्झौता गर्नेछ। युवा उद्यमीले तोकिएको वा स्वीकृत रकम बराबरको लागत सहभागिता सहीतको सम्झौता अनुरुप कार्य सम्पन्न गरी सोही अनुसार पेश गरेको बिल भरपाईको आधारमा अनुदान रकम प्राप्त गर्नेछन्।

१५. युवा स्वरोजगार कार्यक्रम संचालन समितिको निर्णयानुसार कुनै साझेदारी संस्था मार्फत युवा स्वरोजगार कार्यक्रम संचालन गर्न सकिनेछ।

ख) **युवा स्वरोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत बिमा सम्बन्धी व्यवस्थाः** युवा तथा साना व्यवसायीले नगरपालिकाबाट ब्याज अनुदान पाउने गरी व्यवसाय संचालन गर्न बैंक तथा वित्तीय व्यवसायमा पर्न सक्ने सम्भावित संकट वा संस्थाबाट ऋण र कर्जा लिएको हकमा जोखिमको न्यूनीकरणका लागि नेपाल सरकारबाट बिमा गर्न इजाजत प्राप्त संस्था र कम्पनी मार्फत स्वयं व्यवसायीले बिमा गराउनु पर्नेछ । कुनै पनि युवा तथा साना व्यवसायीले जुन व्यवसायको लागि कर्जा लिएको छ, सो व्यवसाय भवितव्य तथा दुर्घटना हुन गई हानि नोक्सानी भएमा सोको जोखिम वा संकटमा नियमानुसार कम्पनी वा संस्थाले गर्दछ । यसबाट बैंक, वित्तीय संस्था, सहकारी संस्थाले बिमित ऋण भएमा हानि नोक्सानीको आर्थिक भार व्यहोर्नु पर्दैन । व्यवसाय स्वयंले बिमा गर्दा व्यवसायको कूल लगानीको वा सम्बन्धित निकायले बिमा गर्न योग्य भनी तोकिए बमोजिमको मात्र बिमा गर्नुपर्ने हुन्छ ।

ग) ऋण कर्जा दुरुपयोग गर्नेलाई कारबाहीः

१. जुन उद्देश्य वा प्रयोजनका लागि ऋण कर्जा लिई ब्याज अनुदानका लागि सिफारिस भएको हो उक्त कार्य नगरी ऋणको दुरुपयोग गरेको कर्जा समयमा भुक्तानी नगरेको वा खराब प्रकृतिको कार्यमा लगानी गरेको पाइएमा नगरपालिकाबाट प्राप्त हुने सबै सुविधाबाट वञ्चित गर्न सकिनेछ ।

२. बैंकको नियमित किस्ता नबुझाएमा स्वयं व्यवसायीले नगरपालिकाबाट प्राप्त सहयोग ब्याज अनुदान बन्द गर्न सकिनेछ।

परिच्छेद ६

विविध

९. **व्यवसायिक आचारसंहिताः** युवा स्वरोजगार कार्यक्रम अन्तर्गत ब्याज अनुदान तथा व्यवसायिक अनुदान सुविधा प्राप्त गर्ने लाभग्राही सदस्यले स्वरोजगारको अधिकार भित्र रही व्यवसायी आचारसंहिता पूर्णता पालना गर्नुपर्नेछ ।

१०.व्याख्या र संशोधनः

क) यस कार्यविधिमा उल्लेख भएका दफा र बुँदाहरुमा कुनै कुरा अस्पष्ट वा दोहोरो अर्थ लाग्ने भए नगरपालिकाको युवा स्वरोजगार कार्यक्रम समितिले व्याख्या गरी निष्कर्ष निकाल्न सक्नेछ र उक्त निष्कर्षलाई अन्तिम निर्णय मानिनेछ ।

ख) यस कार्यविधिमा उल्लेख भएका बुँदाहरु मध्ये कुनै बुँदा वा वाक्यांश प्रचलित ऐन, कानून र नियमहरुमा बाझिन गएमा बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछन्। कार्यविधिको कुनै दफा वा बुँदा थपघट वा संशोधन गर्नुपर्ने भएमा नगर कार्यपालिकाले आवश्यकता र औचित्यको आधारमा थपघट वा संशोधन गरी अध्यावधिक गर्न सक्नेछ ।

अनुसूची -१
(दफा ८ क (१५) सँग सम्बन्धित)
युवा स्वरोजगार निवेदन फाराम

मितिः....................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
रामपुर नगरपालिका,
रामपुर, पाल्पा।

विषयःयुवा स्वरोजगार कार्यक्रममा सहभागी हुन पाउँ ।

महोदय,

प्रस्तुत विषयमा यस कार्यालयको मिति...............................को सूचना बमोजिम म/हामी रामपुर नगरपालिका वडा नं............. मा बस्ने ....फर्म वा समूहले व्यवसायिक खेती/पशुपालन गर्नको लागि यस रामपुर नगरपालिकाको युवा स्वरोजगार कार्यक्रममा सहभागी भई .... व्यवसाय संचालन गर्ने मनसाय रहेको हुँदा सोही कार्यक्रममा छनौट गरिदिनुहुन तपसिल अनुसारको कागजात र राजस्व रसिद सहीत यो निवेदन पेश गरेको छु/छौ ।

तपसिलः

१. वडा कार्यालयको सिफारिस,
२. जग्गाधनी लालपुर्जाको प्रतिलिपि,
३. फर्म वा समूह दर्ताको प्रमाणपत्रको प्रतिलिपि,
४. प्रस्तावना,
५. समूह र सहकारीको हकमा निर्णयको प्रतिलिपि,
६. नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

निवेदक

नामः
कृषक समूह/सहकारी/फर्मको नामः
पदः
हस्ताक्षरः
सम्पर्क नः.
मितिः
छापः

अनुसूची -२
(दफा ९ क (५) सँग सम्बन्धी निवेदन)
युवा स्वरोजगार अन्तर्गत ब्याज अनुदान शोध भर्ना सम्बन्धी निवेदन

मितिः..............................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
रामपुर नगरपालिका,
रामपुर, पाल्पा।

विषयः शोध भर्ना रकम पाउँ भन्ने बारे ।

महोदय,

प्रस्तुत विषयमा म/हामी रामपुर न.पा. वडा.........नं...............मा बस्ने ....फर्म वा समूहले व्यवसायिक खेती/पशुपालन गर्नको लागि यस रामपुर नगरपालिकाको युवा स्वरोजगार कार्यक्रममा मिति ....गते सम्झौता भईसकेको र सोही अनुसार व्यवसाय संचालन गर्दै आएकोले मिति .... देखि ....रु.....................................रामपुर.................................... स्थित बैंक/वित्तीय संस्थाबाट यस रामपुर नगरपालिकाबाट स्वीकृत कर्जा रकम रु...............................लिएको र ....महिनाको ब्याज रकम रु.......................................बैंकमा बुझाइसकेको हुँदा तहाँ कार्यालयबाट शोध भर्ना रकम पाउँ भनी यो निवेदन पेश गर्दछु ।

आवश्यक कागजातहरु

१) सम्झौता पत्रको प्रतिलिपि
२) वित्तीय संस्थाको ब्याज तिरेको स्टेटमेन्ट
३) फर्म दर्ता प्रमाण-पत्रको प्रतिलिपि
४) नागरिकता प्रमाण-पत्रको प्रतिलिपि

निवेदक

नामः
कृषक समूह/सहकारी/फर्मको नामः
हस्ताक्षरः
सम्पर्क नः
छापः

अनुसूची -३

(दफा ९ क (१३) सँग सम्बन्धी निवेदन)

युवा स्वरोजगार कार्यक्रमको फाराम

१. युवा उद्यमीको नाम थरः

२. कृषक समूह/सहकारी/कृषि वा पशु फर्मको नामः

३. नगरपालिकाबाट स्वीकृत रकमः

४. व्यवसायको किसिमः कृषि/पशुपालन

५. कृषि भएमा

क) तपाईले खेती गर्दै आएको वा गर्ने बाली के होः

ख) आ.व. २०७५/७६ भन्दा पहिला वा प्रस्ताव पेश गर्नु पूर्व खेती गरेको क्षेत्रफ़लः

ग) कार्यक्रममा छनौट पश्चात खेती गरेको वा गर्ने क्षेत्रफ़लः

६. पशुपालन भएमाः

क) तपाईले संचालन गरेको वा गर्दै आएको पशुपालन व्यवसाय के हो ?

१) भैसीपालन २) बाख्रापालन ३) कुखुरापालन ४) बंगुरपालन ५) अन्य......................

ख) आ.व. २०७५/७६ भन्दा पहिला वा प्रस्ताव पेश गर्नु पूर्व पशुपालन गरेको भए सो को संख्याः...........................

ग) कार्यक्रममा छनौट पश्चात पशुपालन गरेको वा गर्ने संख्याः.......................

घ) कार्यक्रम लागू हुनु भन्दा पहिले निर्माण भएको संरचनाको नाम र संख्याः....................

ङ) कार्यक्रममा छनौट पश्चात निर्माण भएको वा गर्ने संरचनाको नाम र संख्याः.....................

माथि उल्लिखित विवरण अनुसारको व्यवसाय संचालन गर्न मन्जुर छु । साथै सोही अनुसार व्यवसाय संचालन गर्न नसकेमा वा असमर्थ भएमा नगरपालिकाको ब्याज अनुदान नपाउने नियम प्रति म पूर्ण रुपमा समर्थन जनाउँछु ।

युवा उद्यमी/कृषकको नामः | फर्म/समूह नामः

सहीः | छापः

सम्पर्क नः.

अनुसूची ४

(दफा ९ क (१३) सँग सम्बन्धी निवेदन)

सम्झौता पत्रको ढाँचा

सम्झौता पत्र मितिः....................

यस रामपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रामपुर, पाल्पाको युवा स्वरोजगार कार्यक्रमको लागि तपसिल अनुसारका शर्तहरुको अधिनमा रही यस रामपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रामपुर, पाल्पा (पछि पहिलो पक्ष भनिएको) र रामपुर नगरपालिका वडा नं....................बस्ने श्री .... पछि दोस्रो पक्ष भनिएको बीच यो सम्झौता पत्र तयार गरी हस्ताक्षर गरी एक/एक प्रति लियौं/दियौ ।

तपसिलः

१. कार्यक्रमको नामः युवा स्वरोजगार कार्यक्रम

२. स्वीकृत रकम रुः...............................

३. सम्झौता अवधि................................ सम्झौता मितिः...........................

४. सम्झौता मान्य रहने अवधिः..

५. सम्झौताका शर्तहरुः

(क) दुवै पक्ष यस सम्झौताका शर्तहरु पूर्णरुपले पालना गर्नेछन् ।

(ख) दोस्रो पक्षले अनुसूची घ बमोजिमको फाराम भरी सोही अनुसारको कार्य गर्नु पर्नेछ ।

(ग) दोस्रो पक्षले यस कार्यालयमा पेश गरेको प्रस्तावना आधारमा व्यवसाय संचालन गर्नु पर्नेछ ।

(घ) दोस्रो पक्षले व्यवसाय थप वा नयाँ व्यवसाय सुरु गर्दा दफा ८(क) बमोजिमको व्यवसाय मापदण्ड अपनाउनु पर्नेछ । नयाँ व्यवसाय सुरु गर्ने युवा उद्यमीले मापदण्ड अनुसार व्यवसाय संचालन गर्नु पर्नेछ । पुराना व्यवसायीले भने मापदण्ड अनुसारको कृषि, पशुजन्य संख्या, भौतिक संरचना वा क्षेत्रफ़ल थप/वृद्धि गर्नु पर्नेछ ।

(ङ) युवा स्वरोजगार समितिले स्वीकृत गरेको रकमको ब्याज र किस्ता रकम दोस्रो पक्षले बैंकको नियमानुसार बुझाउनु पर्नेछ ।

(च) यो सम्झौता भएको मिति पश्चात हरेक ३-३ महिनामा तोकिएको रकमको ब्याज बैंकमा बुझाएको रकमको बैंक स्टेटमेन्ट तथा अनुसूची २ पेश गरी दोस्रो पक्ष शोध भर्ना भुक्तानी माग्न आउन सक्नेछन् ।

(छ) दोस्रो पक्षले ब्याज अनुदान सम्बन्धी होडिङ्ग बोर्ड बनाई व्यवसाय संचालन स्थानमा राख्नुपर्नेछ ।

(ज) यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानून अनुसार हुनेछ ।

(झ) प्रमुख प्रशासकीय र सम्झौता गर्नेको विवरण

(ञ) साक्षीहरुः

(ट) कृषि शाखाको तर्फबाट	पशु शाखाको तर्फबाट	लेखा शाखाको तर्फबाट	प्रशासन शाखाको तर्फबाट
(ठ) नामः	नामः	नामः	नामः
(ड) पदः	पदः	पदः	पदः
(ढ) दस्तखतः	दस्तखतः	दस्तखतः	दस्तखतः

आज्ञाले

लेखनाथ न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत